# अन्तर धार्मिक संजाल संचालन तथा व्यवस्थापन कार्यविधि

## २०८०

सान्नी त्रिवेणी गाउँपालिका

मेहलमुडी कालीकोट

**कार्यविधि २०८०**

परिचय :

## प्रस्तावना

नेपालको संविधान र वालवालिका सम्वन्धि ऐन नियमको मर्मलाई आत्मसात गरि बाल अधिकार संरक्षणको प्रमुख बाधकको रुपमा रहेको बाल विवाह अन्त्यको लागि सान्नि त्रिवेणी गाउँपालिकामा बालविवाह मुक्त अभियान संचालन गरि बालविवाह मुक्त समाज/ पालिका निर्माण गरि बाल अधिकारको संरक्षण र संवर्द्धन गर्न वान्छनिय देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) का सान्नि त्रिवेणी गाउँपालीका प्रशासनिक कार्यविधि २०७४ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सान्नी त्रिवेणी गाउँपालीकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद : १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम " सान्नि त्रिवेणी गाउँपालीकामा **बाल बिवाह अन्त्यका लागि अन्तर धार्मिक सञ्जाल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०"** रहनेछ।

(२) यो कार्यविधि सान्नी त्रिवेणी गाउँपालीका कार्यपालिकाद्धारा पारित भए पश्चात लागु हनेछ।

## परिच्छेद : २ परिभाषा खण्ड

२. परिभाषा :

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

(क) "बाल बालिका " भन्नाले बालबालिका सम्वन्धि ऐन २०७५ बमोजिम १८ बर्ष सम्मको बालबालीकालाई सम्झनुपर्दछ।

(ख) "बाल विवाह " भन्नाले २० वर्ष उमेर पुरा नभई भएको विवाह अवैधानिक बिवाह मानिने छ।

(ग) "अन्तर धार्मिक सञ्जाल " भन्नाले यस कार्यविधिको दफा ४ (१) बमोजिम गठन भएको सञ्जाल भन्ने बुझ्नु पर्छ।

(च) " गाउँपालीका " भन्नाले सान्नि त्रिवेणी गाउँपालीका सम्झनु पर्छ।

(झ) "पालिका सदस्य भन्नाले सान्नि त्रिवेणी गाउँपालीका सदस्य सम्झनु पर्छ।

(ञ) "प्रमुख " भन्नाले ' सान्नि त्रिवेणी गाउँपालीका अन्तर्गत विभिन्न शाखाको प्रमुख भनि सम्झनु पर्छ।

## परिच्छेद : ३ लक्ष्य उदेश्य

**३ लक्ष्य तथा उद्देश्य :**

**(१) लक्ष्य :**

- सान्नि त्रिवेणी गाउँपालीका बालविवाह मुक्त गाउँ पालिका बनाउने ।
- सामाजिक मूल्यमान्यतालाई रुपान्तरण गर्ने।
- सम्वृद्ध र स्वच्छ सान्नि त्रिवेणी गाउँपालीका बनाउँने ।
- राष्ट्रकै नमुना गाउँपालीकामा रुपान्तरण गर्ने।
- समावेशी शिक्षालाई जोडदिने ।
- अन्तरधार्मिक संजालको दिगो विकासको जोड दिने।

सान्नी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मेहलमुडी, कालीकोट कर्णाली प्रदेश, नेपाल २०७३

पार्वती सिंह (संज्याल) उपाध्यक्ष

नेत्र राज शाही प्रमुख प्रशासकीय अधिकृत

(२) उद्देश्यहरू :

क) बाल विवाह न्युनिकरणको सवालमा समवन्धित सरोकारवाला निकायहरुसँग समन्वय सहकार्य गर्ने

ख) वाल विवाह विरुद्ध स्थानिय स्तरका समुह/समितिहरुको चूस्त दुरुस्त सचेतिकरण र परिचालन गर्ने ।

ग) वाल विवाह विरुद्ध विभिन्न जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने तथा कानुनी कारवाहीको प्रक्रिया अगाडी वढाउने ।

च) बाल विवाह विरुद्ध वहस पैरवी गर्ने ।

छ) वाल विवाह मुक्त पालिका बनाउन गाउँपालिकालाई सहयोग पुर्‍याउने ।

**परिच्छेद :४ अन्तर धार्मिक सञ्जालको गठन , वैठक र काम कर्तव्य अधिकार**

**४) अन्तर धार्मिक सञ्जालको गठन प्रकृया**

४.१ ) अन्तरधार्मिक संजालको समिति गठन १५ देखी २१ सदस्य सम्म रहने सक्नेछ ।

४.२ ) अन्तरधार्मिक संजालको गठन गर्दा पालीका स्तरमा भेला भई सामुहिक छलफल पश्चात गठन गरिनेछ ।

- महिला तथा बालबालीका शाखा प्रमुख १ जना
- बालबालीका बाट २ जना बालीका १ र बालक १
- धामीझाँक्री र जोतिष, पण्डित बाट ~~रस्कोट नमस्पालीकाको~~ सान्नी त्रिवेणीको ९ वटै वडावाट प्रतिनिधित्व हुनेछ ।
- इलाका प्रहरी कार्यालयबाट १ जना

**२) अन्तर धार्मिक सञ्जालको बैठक :**

- सञ्जालको वैठक सामान्यतयाः कम्तिमा महिनामा एक पटक अध्यक्षले तोकेको मिति समयमा बस्नेछ तर बैठक बस्न आवश्यक देखिएमा जति पटक पनि बस्न सक्नेछ । आवश्यता परे तत्काल बोलाउन पनि सक्नेछ ।
- अध्यक्षले सल्लाह गरि सदस्य-सचिवले सञ्जालको बैठक बस्नु भन्दा ३ दिन अगावै सबै सदस्यलाई बैठकको सूचना दिनु पर्नेछ
- सञ्जालको बैठकको अध्यक्षता संजालको अध्यक्षता गर्नेछन । अध्यक्ष उपसिस्थत हुन नसकेमा उपाध्यक्षले अध्यक्षता गर्नेछन तर उपाध्यक्ष पनि उपस्थित हुन नसकेमा सञ्जालका उपस्थित जेष्ठ सदस्यबाट संचालन गर्न सकिने छ ।
- समितिको निर्णय सकेसम्म सर्वसम्मत रुपमा पारित गरिनेछ भने सर्वसम्मत नहुन सकेको अवस्थामा बहुमतबाट पारित गरिनेछ । सदस्य-सचिवले निर्णय प्रमाणित गरि अभिलेख राखिनेछ ।
- सञ्जालले गरेको गतिविधि लगायत प्रगति प्रतिवेदन त्रैमासिक रुपमा सान्नी त्रिवेणी गाउँपालीकाको कार्यपालिकामा पेश गरिनेछ ।
- बैठकमा सल्लाह र सुझावको लागि विज्ञहरुलाई आमन्त्रण गरि सहभागि गराउन सकिनेछ ।
- प्रत्यक वडामा हप्ताको १ दिन धार्मिक संजालको बैठक बसी बाल बिवाह न्यूनिकरणको विषयमा सरोकारवाला निकाय बिच छलफल गर्ने ।

**३) सञ्जालको काम कर्तव्य र अधिकार :**

अन्यत्र व्यवस्था भएको अतिरिक्त, यस कार्यविधिमा सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१.स्थानीय तहमा बाल विवाह सम्वन्धि सुचना संकलन गर्ने ।

२. बाल विवाह रोक्न स्थानीय तहका सम्बन्धित निकाय, संघसंस्था तथा व्यक्तिसँग आवश्यक समन्वय एवम् सहकार्य गर्ने ।

३. बाल विवाहलाई प्रोत्साहित एवं वढावा दिने खालका गतिविधिहरु लाई निरुत्साहित गर्न पहल तथा पैरवी गर्ने ।

पार्वती सिंह (संज्याल)
उपाध्यक्ष

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

४ वाल विवाह विरुद्ध कार्य योजना वनाउने र कार्यान्वयन गर्ने।

५. बालविवाह न्युनिकरणका लागि पालिका स्तरका समुदायका अगुवाहरू (अभिभावक, नागरिक समाज, वुद्धिजीवि, स्थानीय जनप्रतिनिधि, वाल अधिकार समिति, सरोकारवालाहरु संग नियमित रुपमा १० वर्ष देखि १९ वर्षका किशोर किशोरी विच सामुदायिक छलफल, नीतिगत संवाद, त्रैमासिक, अर्धवार्षिक र वार्षिक समिक्षा र अन्तरकृयात्मक कार्यक्रम आयोजना गर्ने ।

६. स्थानीय धार्मिक गुरु, बाद्यवादक, धामीझाँक्री, पुरेत तथा ज्योतिषीहरु मार्फत आजको दिनदेखी २० बर्षभन्दा मुनीका व्यक्तिहरुको बिवाहको लगन नजुराउने साथै विवाह नगराउने प्रतिवद्धता गराउने ।

७. गाउँपालिकाले स्थानीय प्रहरीसंग समन्वय गर्ने र बालविवाह नगराउनका लागि सामुदायिक जागरण तथा अन्तरक्रियाका साथै विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

८. मासिक बैठक बस्ने र बैठकमा समिक्षा गर्ने आगामी योजना तयार गर्ने ।

९.पालिका तथा वडास्तरमा सञ्चालन गरेका विभिन्न बालविवाहमुक्त अभियानहरुको प्रभावकारिता वारेमा आवश्यक अध्ययन अनुसन्धान गरी असल सिकाईहरुको प्रचार प्रसार गर्ने ।

## परिच्छेद ५

## सान्नी त्रिवेणी गाउँपालीका **अन्तरधार्मिक संजालको विशेषताहरु** :

बालविवाह अन्त्यको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि धार्मिक क्षेत्र सदैव क्रियाशील रहने तथा सरकार र नागरिक संघसंस्थासंग सहकार्य गर्न तत्पर र सान्नि त्रिवेणी गाउँपालीका **अन्तरधार्मिक संजालका** सदस्य बन्नका लागि संघ संस्था, संगठन र समुहहरुमा निम्नानुसार विशेषताहरु हुनु पर्दछ :

- स्थानीय संगठन, गैर सरकारी संघ संस्थाहरु, सामुदायीक संघ संस्थाहरु र समूहहरु
- औपचारिक तथा अनौपचारिक समुहहरु
- वाल संरक्षण, आधारभूत शिक्षा, बाल गरिवी र वाल स्वास्थ्य क्षेत्रमा काम गर्ने संघ संस्थाहरु,
- बालबालिकाका मुद्दाहरुको लागि कानुनी सहायता गर्ने संघ संस्थाहरु,
- छापा तथा विद्युतीय संचार माध्यमहरुको संगठन जो बाल संरक्षण, आधारभूत शिक्षा, बाल गरिवी र बाल स्वास्थ्य क्षेत्रमा सुधारका लागि केन्द्रित छन् ।
- बालबालिका क्षेत्रमा वकालत गर्ने संघ संस्थाहरु
- प्लान नेपालका साझेदार संस्थाहरु ( **सादा नेपाल**)
- बाल संरक्षण र सम्बर्द्धन, समाजमा व्याप्त परम्परागत हानीकारक अभ्यासका विरुद्धमा योगदान पुर्‍याईरहनु भएका तथा त्यसका लागि ईच्छुक व्यक्तिहरु ।

### परिच्छेद ६ संशोधन :

गाउँ कार्यपालिकाले यस कार्य विधिमा कुनै प्रावधानको कमि महसुस गरि थाप गर्न वा कुनै दफा संशोधन गर्न आवश्यकता महसुस गरेको अवस्थामा सञ्जालका पदाधिकारी तथा सदस्यहरुको भेलामा थप तथा संशोधन गर्न चाहेको प्रावधान उपर छलफल गराई गाउँ कार्यपालिकावाट अनुमोदन गराई यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

### परिच्छेद ७ खारेजी :

गाउँ कार्यपालिकाले यस कार्यविधिको आवश्यकता वोध नगरेको अवस्थामा गाउँ सभामा खारेजीको प्रस्ताव पास पारित गराई खारेज गर्न सक्नेछ ।

सान्नी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मेहलमुडी, कालीकोट कर्णाली प्रदेश, नेपाल २०७३

नेत्र राज शाही प्रमुख प्रशासकीय अधिकृत

पार्वती सिंह (संज्याल) उपाध्यक्ष

## अनुसूची २

आ.व. २०८०।०८१

| सिं.न | क्रियालाप | ठेगाना | समन्वय तथा सहयोगी निकाय : |
|---|---|---|---|
| १ | अन्तरधार्मिक संजालको कार्यबिधि तयार तथा स्थानीय तहमा अनुमोदन गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| २ | अन्तरधार्मिक समाज संजालको बैठक संचालनका लागि सम्पर्क कार्यालयको स्थापना गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| ३ | बाल बिवाह, बाल हिंसा, लैगिंक हिंसा न्यूनिकरणका लागि अभियान संचानका लागि श्रोत व्यवस्थापन गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| ४ | टोल तथा वस्ती स्तरमा जनचेतनामूलक कार्यक्रम संचालन | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| ५ | उमेरको आधारमा बिवाह को लगन मा बन्चित गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| ६ | उमेर नपुग्दै बिवाह गर्ने गराउँने आमा बुवा छर छिमेकीलाई सरुभाई बुझाई गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| ७ | पालीका स्तरमा अन्तरपुस्ता तथा धामीझाँक्रीहरुको सहभागीतामा बाल बिवाह न्यूनिकरण सम्वन्धी सर्चेतना मूलक , प्रभात फेरी कार्यक्रम संचालन गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| ८ | नागरिक समाज संजाल र अन्तरधार्मिक समाज बिच अभिभावक बिच संवाद कार्यक्रम संचालन गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| ९ | बाल बिवाहको अवस्था धेरै भएको वडा तथा टोलमा सर्चेतना मूलक कार्यक्रम संचालन गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| १० | समुदाय स्तरमा मनोपरामर्श | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| ११ | शान्नि त्रिवेणी अन्तर धार्मिक संजालको कार्य बिधि निर्माण गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| १२ | शान्नि त्रिवेणी धार्मिक संजालको बाल विवाह रोकथाम कार्ययोजना निर्माण गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| १३ | कानूनले तोकेको उमेर नपुगेका नारी पुरुषको विवाहपूर्ण चिना भिडाउने, ल्हो हेराउने जस्ता ज्योतिषीय / धार्मिक आस्तानरुपका वर -बधु मिलान सम्वन्धीको उमेर खुल्ने डकुमेन्ट हेर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| १४ | बालविवाह न्युनिकरण, रोकथामका लागि रणनीतिक योजना, अन्तरीम कार्ययोजना, लगाएतका नीति, नियम र कानुनहरुको कार्यान्वयनका लागि पालिका स्तरमा दवाव सृजना गर्ने, पैरवी गर्ने, संवाद गर्ने तथा छलफल संचालन गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| १५ | पालीकाका वडा र विद्यालयमा वाल विवाह सम्वन्धी सूचना संकलन, व्यवस्थापनका लागि सहयोग तथा सकार्य गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| १६ | बाल विवाह न्युनिकरणका लागि स्वंम वाल विवाह गरि आफुले भोगेका समस्या तथा अनुभव मार्फत सचेतना अभिवृद्धिका लागि रोलमोडल पहिचान तथा परिचालनमा सहयोग गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| १७ | पालिकाका भित्रका १० वर्ष देखि १९ वर्षका सबै (विद्यालय भित्र र बाहिर रहेका ) बालवालीकाहरुको सहभागीतामा विद्यालय तहमा र समुदाय तहमा बालक्लब, किशोरी संजाल, युवा संजाल निर्माण गर्ने र अभियानमुलक कार्यक्रम संचालन गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| १८ | बालविवाह न्युनिकरणका लागि पालिका स्तरका समुदायका | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र |



पार्वती सिंह (सिंज्याली)
उपाध्यक्ष

त्रि राज शाही
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | अगुवाहरू (अभिभावक, नागरिक समाज, बुद्धिजीवि, स्थानीय जनप्रतिनिधि, वाल अधिकार समिति, सरोकारवालाहरु संग नियमित रुपमा १० वर्ष देखि १९ वर्षका किशोर किशोरी विच सामुदायिक छलफल, नीतिगत संवाद, त्रैमासिक, अर्धवार्षिक र वार्षिक समिक्षा र अन्तरकृयात्मक कार्यक्रम आयोजना गर्ने । | | साझेदार संस्था |
| १९ | विद्यालय, समुदाय तथा पालिका स्तरमा विभिन्न सूचनामुलक, सन्देशमुलक, पोष्टर पम्प्लेट, चित्र कथा, होर्डिङ वोर्ड निर्माण, आदिका माध्यमबाट चेतनामुलक, सचेतीकणमुलक कार्यक्रम सचालन तथा स्थानीय एफएम रेडियो कार्यक्रम मार्फत चेतनामुलक, सामाजिक शन्देश, वहस तथा नियमित रुपमा कार्यक्रम उत्पादन गरि प्रशारणमा सहयोग गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| २० | बालिकाहरुलाई पनि वालक सरह विद्यालय तथा समुदायमा खेलकुद तथा अन्य कियाकलापहरु जस्तै भलिबल, फुटबल, व्याडमिन्टन, कवड्डी, सिकाई उपलव्धी वृद्धि गर्ने खालका क्षमताअभिवृद्धिमुलक सिकाई मुलक खेल लगाएतका खेलहरुमा सहभागी गराउने तथा त्यस्ता खेलमा नियमित रुपमा सहभागीता गराउन उत्प्रेरीत गर्ने क्रियाकलापहरु संचालन गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| | बालविवाह न्युनीकरणका लागि विद्यालय तथा समुदायमा बालबालिका तथा किशोरीहरुमार्फत : सडक नाटक अभियान, सुरक्षित विदालय निर्माण अभियान, घरदैलो कार्यक्रम, सांस्कृतीक कार्यक्रम मार्फत सचेतना, अभिभावक प्रतिवद्धता अभियान लगायत अन्य सचेतनामुलक कार्यक्रम संचालनका लागि उत्प्रेरीत गर्ने तथा क्रियाकलापहरु संचालन गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| २१ | पालिका स्तरमा र समुदाय स्तरमा रहेका धामि, झाँक्री, धर्मगुरु, पुरोहित, ज्योतीषहलाई धर्म अनुसार विवाहलाई गरिएको वर्णनका वारेमा र बालविवाह नगर्न र नगराउनका लागि परिचालन गर्नमा सहयोग गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| २२ | बालक्लव, किशोरी संजाल, नागरिक सामाजिक संस्था, युवा क्लव लगाएत समाजिक संघसंस्थाहरू परिचालन गरि समाजमा भैरहेका सामाजिक सांस्कृतिक अभ्यासहरू जस्तै : देउसी, भैलो पैठ, मेला, विवाह, पुजा, जस्ता क्षेत्र र कार्यहरूमा बालविवाह विरुद्धको सन्देशलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| २३ | पालिका, समुदायतहमा विद्यमान रहेका विहेबारी तथा सम्पत्ति, लैङ्गिक हिंसा, बाल हिंसा, पारपाचुके, विवाह बदर गर्ने, वैवाहिक बलात्कार, दाईजो र जन्म दर्ता, नागरिकता आदि जस्ता विभिन्न वर्तमान कानुनहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धि सबै सरोकारवाला निकायहरुलाई दवाव सृजना गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| २४ | बालविवाह सम्वन्धी उजुरीलाई प्राथमिकतामा राखि सुनुवाई प्रक्रियालाई प्रभावकारी वनाउन परिचालन गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |
| २५ | कानुनी उपचार लिन चाहने बालबालिकाको सुरक्षा, गोपनियता तथा सामाजिक कठिनाईलाई सम्बोधन गरी आवश्यक कानुनी सेवाको लागि सहयोग गर्ने । | सान्नी त्रिवेणी गाउँपालीका | स्थानीय सरकार र साझेदार संस्था |

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

पार्वती सिंह (संज्याल)
उपाध्यक्ष